# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं, फागुन १५ गते, २०६९ साल (संख्या ४९

## भाग ३

नेपाल सरकार

ऊर्जा मन्त्रालयको

सूचना १

## नलसिङ गाड जलविद्युत आयोजना विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०६९

नलसिङ गाड जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम " नलसिङ गाड जलविद्युत आयोजना विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०६९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नलसिह गाड जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९ को दफा २ मा संशोधन** : नलसिङ गाड जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९ (यस पछि "मूल आदेश" भनिएको) को दफा २ को,-

(१) खण्ड (ग) झिकिएको छ ।

(२) खण्ड (च) मा रहेका "र सदस्य-सचिव" भन्ने शब्दहरु झिकिएका छन् ।

३. **मूल आदेशको दफा ३ मा संशोधन** : मूल आदेशको दफा ३ को उपदफा (२), (३), (४), (५), (६) र (७) को सट्टा देहायका उपदफा (२), (३), (४), (५), (६) र (७) राखिएका छन् :-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् :-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारले मनोनीत गरेको व्यक्ति | अध्यक्ष |
| (ख) | सहसचिव, ऊर्जा मन्त्रालय | सदस्य |
| (ग) | सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| (घ) | नेपाल सरकारले मनोनीत गरेका जलविद्युत क्षेत्रसँग सम्बन्धित विज्ञ तीन जना | सदस्य |
| (ङ) | कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण | सदस्य |

(३) नेपाल सरकारले तोकेको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतले समितिको सचिव भई काम गर्नेछ ।

(४) अध्यक्ष र उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ र निजहरु पुनः अर्को एक पटकको लागि मनोनयन हुन सक्नेछन् ।

(५) इन्जिनियरिङ्ग (हाइड्रोपावर, हाइड्रोलोजी, जलस्रोत, इलेक्ट्रीकल, मेकानिकल, जियोलोजी), व्यवस्थापन, कानून वा





विकास प्रशासनमा कम्तीमा स्नातकोत्तर शैक्षिक योग्यता हासिल गरी जलविद्युत वा जलस्रोतको क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव प्राप्त व्यक्ति अध्यक्ष पदमा मनोनयनका लागि योग्य हुनेछ ।

(६) इन्जिनियरिङ्ग (इलेक्ट्रीकल, हाइड्रोपावर, सिभिल, मेकानिकल, हाइड्रोलोजी, जियोलोजी), व्यवस्थापन, वातावरण वा कानूनमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता हासिल गरी जलविद्युत वा जलस्रोतको क्षेत्रमा कम्तीमा सात वर्षको कार्य अनुभव प्राप्त व्यक्ति उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्य पदमा मनोनयनका लागि योग्य हुनेछ ।

(७) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यको काम सन्तोषजनक नभएमा नेपाल सरकारले निजको पदावधि समाप्त हुनु अगावै पदबाट हटाउन सक्नेछ ।

तर, त्यसरी पदबाट हटाउनु अघि निजहरुलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।"

४. **मूल आदेशको दफा ५ मा संशोधन** : मूल आदेशको दफा ५ को ठाँउ ठाँउमा रहेका "सदस्य-सचिव" भन्ने शब्दहरुको सट्टा "सचिव" भन्ने शब्द राखिएको छ ।

५. **मूल आदेशको दफा ६ मा संशोधन** : मूल आदेशको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ :-

"६. **अध्यक्ष प्रशासकीय प्रमुखको रुपमा रहने** : (१) अध्यक्षले समितिको प्रशासकीय प्रमुख भई कार्य सम्पादन गर्नेछ ।

(२) अध्यक्षले आफूले सम्पादन गर्ने कामको सम्बन्धमा प्रत्येक आर्थिक वर्षको लागि नेपाल सरकारसँग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।"

६. **मूल आदेशमा दफा ६क. थप** : मूल आदेशको दफा ६ पछि देहायको दफा ६क. थपिएको छ :-

"६क. **अध्यक्षको पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था** : अध्यक्षको पारिश्रमिक तथा सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।"

७. **मूल आदेशको दफा ७ मा संशोधन** : मूल आदेशको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :-

"७. **अध्यक्षको काम, कर्तव्य र अधिकार** : अध्यक्षको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) समितिको योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) आयोजनाको कार्यान्वयन तथा सञ्चालनसँग सम्बद्ध कार्यको निरीक्षण, अनुगमन गर्ने र त्यसको प्रगति विवरण समिति समक्ष पेश गर्ने,

(घ) समितिले सञ्चालन गरेका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(ङ) समितिको तर्फबाट आयोजना कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने,

(च) समितिले तोकिदिएका कार्यहरु गर्ने गराउने।"

८. **मूल आदेशको दफा ९ मा संशोधन** : मूल आदेशको दफा ९ को उपदफा (६) मा रहेका "कार्यकारी निर्देशक" भन्ने शब्दहरुको सट्टा "अध्यक्ष" भन्ने शब्द राखिएको छ।

९. **मूल आदेशको दफा ११ मा संशोधन** : मूल आदेशको दफा ११ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :–

"(२) उपदफा (१) बमोजिमको उपसमितिमा आवश्यकता अनुसार स्थानीय जनता, विषयसँग सम्बन्धित विज्ञ तथा नेपाल सरकारको प्रतिनिधिहरु समेत रहन सक्नेछन्।"

१०. **मूल आदेशको दफा १४ मा संशोधन** : मूल आदेशको दफा १४ को ठाँउ ठाँउमा रहेका "कार्यकारी निर्देशक" भन्ने शब्दहरुको सट्टा "अध्यक्ष" भन्ने शब्द राखिएको छ।